# राष्ट्रिय रक्त सञ्चार नीति

२०७१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
काठमाण्डौ

१. **पृष्ठभूमीः**

सामान्य स्वास्थ्य सेवासम्मको पहुँच सम्पूर्ण नागरिकको अधिकार हो । व्यवस्थित तरिकाले सञ्चालन भएको रक्त सञ्चार सेवा स्वास्थ्य सेवाको एउटा अभिन्न अंगको रुपमा पर्दछ जस्को माध्यमबाट धेरै जीवन बचाउन सकिन्छ । रगतको बढी मागलाई सम्बोधन गर्नको लागि निश्चित रगत उपलव्ध नभए तापनि सेलुलर र प्लाज्मा जस्ता रक्त तत्व समेत चिकत्सकीय उपचारको लागि प्रभावकारी हुन्छ । यसरी नागरिकको रगत र रक्त तत्वमा पहुच पुग्नु अत्यावश्यक छ । रक्त सेवाभित्र रगत र रक्त तत्वहरु लगायतका स्टेम सेल संकलन, भण्डारण र रक्त सञ्चार गर्ने स्वास्थ्य संस्था तथा रक्त सञ्चार केन्द्रहरु पर्दछन । नेपाल रेडक्रस सोसाइटीको सामाजिक सेवाको कदर गर्दै नेपाल सरकारले बृहत रुपमा रक्त संकलन, परीक्षण, संचय र आपूर्ती समेत गर्ने रक्त सञ्चार सेवा सञ्चालन गर्ने प्रमुख निकायको रुपमा अधिकार दिएको थियो । यद्यपी, सबै रक्त सञ्चार केन्द्रहरुको भूमिका, दायित्व र जिम्मेवारी राम्रोसंग व्याख्या हुनु आवश्यक छ । रक्तदानबाट प्राप्त भएको रगतको उपयुक्त प्रयोगको सुनिश्चितता गर्नुका साथै रक्तदाता, रगत प्राप्तकर्ता र रक्त सेवाका सेवा प्रदायकहरुलाई कुनै प्रकारको संभावित अप्रिय प्रभाव कम गर्नको लागि संरचना तयार गरी रक्त सञ्चार सेवा प्रवाह गर्नु राष्ट्रिय रक्त कार्यक्रमको जिम्मेवारी हो । स्वास्थ्य र सामाजिक रुपमा प्रतिबद्ध व्यक्तिहरुद्धारा स्वच्छिक रुपमा रक्तदान गरी प्राप्त भएको रगतलाई राष्ट्रिय स्रोतको रुपमा लिई रगत र रक्त तत्वहरु व्यापारिक दृष्टिकोणबाट नाफा कमाउने उदेश्यले गरिने प्रयोगलाई बन्देज लगाइएकोछ ।

२. **विगतका प्रयासहरुः**

बि.सं. २०५० (सन् १९९३) सालमा तत्कालीन श्री ५ को सरकारबाट रक्त सञ्चार सेवाको राष्ट्रिय नीति स्वीकृत भई लागू भएको थियो । त्यसैगरी, बि.सं. २०६३ (२००६) सालमा रक्त सञ्चार सेवाको राष्ट्रिय नीतिलाई परिमार्जन तथा अद्यावधिक गरी स्वास्थ्य सेवा विभागका महानिर्देशकको नेतृत्वमा राष्ट्रिय निर्देशक समिति गठन गरियो । राष्ट्रिय रक्त सञ्चार नीतिलाई कार्यान्वयन गर्न रक्त सञ्चार सेवा व्यवस्थापन सम्बन्धी राष्ट्रिय निर्देशिका तयार गरिएकोछ र राष्ट्रिय निर्देशक समितिलाई प्राविधिक निर्णयहरु लिन सहयोग पुऱ्याउन राष्ट्रिय प्राविधिक सल्लाहकार समिति गठन भएकोछ ।

३. **विद्यमान स्थितीः**

केन्द्रीयस्तरमा काठमाण्डौमा केन्द्रीय रक्त सञ्चार सेवा केन्द्र, र सम्बन्धित क्षेत्रको आवश्यकतालाई सम्बोधन गर्ने गरी चार वटा क्षेत्रहरुमा (विराटनगर, पोखरा, नेपालगन्ज र चितवनमा) क्षेत्रीय रक्त सञ्चार केन्द्रहरु सञ्चालनमा रहेका छन् । यसका अलवा, देशभरमा २१ वटा जिल्लास्तरीय रक्त सञ्चार केन्द्र, ३० वटा अस्पतालमा आधारित रक्त सञ्चार केन्द्र र ३१ वटा आकस्मिक रक्त सञ्चार केन्द्र गरी जम्मा ८७ वटा रक्त सञ्चार केन्द्रहरु सञ्चालनमा रहेका छन् । वर्तमान अबस्थामा यी विभिन्न ८७ वटा रक्त सञ्चार केन्द्रहरु नेपाल सरकार, नेपाल रेडक्रस सोसाइटी तथा निजी अस्पतालहरुको व्यवस्थापनमा नेपाल रेडक्रस सोसाइटीसंग सम्झौता (MoU) गरी नेपाल रेडक्रस सोसाइटीकै छातामुनि रहेर सञ्चालन भै रहेका छन् । केन्द्रीय रक्त सञ्चार सेवा केन्द्रले काठमाण्डौ उपत्यकामा रक्त सञ्चार सेवा

प्रवाह गर्नुका साथै देशभर सञ्चालित रक्त सञ्चार सेवाको लागि प्राविधिक तथा अन्य सहयोगहरु समेत उपलब्ध गराइरहेकोछ ।

**४. समस्या तथा चुनौती:**

**४.१ समस्याहरु**

- मौजुदा रक्त सञ्चार केन्द्रहरुको सञ्चालनमा राष्ट्रिय समन्वयको अभाव ।
- देशव्यापी सेवा बिस्तारको वितरणमा असमानता ।
- पर्याप्त स्रोतको अभाव तथा धेरै जसो रक्त सञ्चार केन्द्रहरुमा दक्ष जनशक्तिको अभाव ।
- ढुवानी साधन लगायत उपकरणहरुको अप्रभावकारी तथा अपर्याप्तता ।
- रिएजेण्ट, केमिकल, ब्लड व्याग तथा अन्य सामाग्रीहरुको आपूर्तीमा नियमित नहुनु ।
- रक्त सञ्चार केन्द्रहरुमा गुणस्तर व्यवस्थापन पद्धति कार्यान्वयनमा न्यूनता ।
- रगत तथा रक्त तत्वको देशव्यापी परीक्षण प्रणाली र मूल्यमा एकरुपता नहुनु ।
- रक्त तत्वहरुको न्यून उपलब्धता - (५० प्रतिशत भन्दा कम रगत मात्र रक्त तत्वको रुपमा छुट्याउने क्षमता रहेको) ।
- रक्त सञ्चार केन्द्र तथा अस्पतालहरुको अभिलेखन प्रणाली कमजोर हुनु र रक्त संकलन र प्रयोगको प्रतिबेदन प्रणाली अपर्याप्तता ।
- नियमन प्रणालीको अभाव ।
- दिगो रुपमा सञ्चालन गर्नमा समस्या ।

**.४.२ चुनौतीहरु**

- मौजुदा रक्त सञ्चार केन्द्रहरुलाई सशक्तिकरण गर्नु ।
- कार्यान्वयनमा एकरुपता ल्याउन राष्ट्रिय मापदण्डको विकास गर्नु तथा नियमन संयन्त्रको विकास गर्नु ।
- रक्त सञ्चार केन्द्रहरुलाई उपकरण मर्मत संभारको व्यवस्था सहित स्वचालित उपकरणबाट सेवा प्रवाह गर्ने गरी अद्यावधिक गर्नु ।
- गुणस्तर व्यवस्थापन प्रणाली कार्यान्वयन गर्नु ।
- स्वच्छिक अवैतनिक रक्त दानलाई सशक्तिकरण गर्नु र पारिवारिक रगत प्रतिस्थापन (Family Blood Replacement) कार्यलाई निरुत्साहित गर्दै लैजानु ।
- रगतको औचित्यपूर्ण चिकित्सकीय प्रयोगका सम्बन्धमा जनचेतना तथा तालीम सञ्चालन गर्नु ।

**५. नयाँ नीतिको आवश्यकता:**

नेपाल सरकारले दिएको जिम्मेवारी अनुरुप नेपाल रेडक्रस सोसाइटीले देशभर रक्त सञ्चार सेवा पुऱ्याई रहेको अवस्था छ । विश्व स्वास्थ्य संगठन तथा अन्य अन्तराष्ट्रिय दातृ निकायहरुबाट केही प्राविधिक

सहयोग प्राप्त भएको छ । तथापी, नेपाल रेडक्रस सोसाइटीले लागतको आधारमा शुल्क निर्धारण, आय आर्जनका कार्यक्रमहरु र सेवाग्राहीको सहयोगमा वित्तीय व्यवस्थापन गर्दै आइरहेकोछ । सम्पूर्ण रक्त सञ्चार केन्द्रहरु (क्षेत्रीय रक्त सञ्चार केन्द्र र जिल्ला रक्त सञ्चार केन्द्र) नेपाल रेडक्रस सोसाइटीको छातामुनी रहेको भए तापनि दैनिक व्यवस्थापन र वित्तीय स्रोत व्यवस्थापनको कार्य स्वायत्त रुपमा गर्दै आइरहेका छन् । त्यसैगरी केही जिल्लाहरुमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा र अस्पतालहरुले बिरामीलाई सुरक्षित र समयमै रगत आपूर्ती भएको सुनिश्चित गर्नको लागि समन्वयात्मक संयन्त्रको विकास गरेका छन् । तथापी, विभिन्न साझेदारहरु जस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, अस्पतालहरु (सरकारी तथा निजी) बीच राष्ट्रियस्तरमा समन्वयात्मक संयन्त्रको विकास भने भैसकेको अबस्था छैन ।

रक्त संचार सेवा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरका प्रविधि र मापदण्डहरु अनुसरण र विकसित गरी देशव्यापी रुपमा सवै केन्द्रहरुमा समान रुपले कार्यान्वयन गर्नु जरुरी छ । यस्तो गर्नको लागि नेपाल सरकार र रक्त सञ्चार सेवा प्रदायक संस्थाहरु बीच ज्ञान, जोखिमको पहिचान, सहकार्य तथा साधन श्रोतको समुचित प्रयोग गर्न साझा संयन्त्र विकसित र कार्यान्वयन हुनु पर्दछ । त्यसैले राष्ट्रिय रक्त संचार नीति परिमार्जनको आवश्यकता महशुस गरियो जसले समय मै आवश्यकता अनुसार रक्त संचार सेवा प्रदान गर्न आवश्यक प्रविधि, सेवाका गुणस्तरीय मापदण्डहरु, व्यवस्थापकीय संरचना, साझेदारी संयन्त्र र अनुगमन, मूल्यांकन तथा नियमन व्यवस्थाको व्याख्या गर्न सकोस ।

### ५.१ दुरदृष्टि (Vision)

सबै नेपाली नागरिकले पर्याप्त र सुरक्षित रगत प्राप्त गर्न सक्ने ।

### ५.२ परिदृश्य (Mission)

उपलब्ध साधन र स्रोतको अधिकतम् प्रयोग गरी नियामक, सेवा प्रदायक, सेवाग्राही र सरोकारवाला निकायहरु बीच समन्वय गरी रक्त सञ्चार सेवालाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप सञ्चालनमा ल्याउने ।

## ६. लक्ष्य:

राष्ट्रिय रक्त कार्यक्रमको लक्ष्य नेपालमा बसोबास गरी आएका सबै जनतालाई सर्ब सुलभ तरिकाले चाहिएको समयमा आवश्यक परिमाणमा गुणस्तरीय र सुरक्षित रगत र रक्त तत्वहरु उपलब्ध गराउनु रहेको छ ।

## ७. उद्देश्य:

यस राष्ट्रिय रक्त संचार नीतिको मुख्य उद्देश्य सत प्रतिशत स्वयमसेवी रक्तदान (Voluntary Non-Remunerated Blood Donation) मार्फत रगत संकलन गरी सुरक्षित र पर्याप्त रगत आपूर्तिको सुनिश्चितता गर्न सांगठनिक, वित्तीय र कानूनी आधार तयार गर्नु रहेकोछ ।

## ८. नीतिहरु:

८.१ कानूनी खाका सहितको राष्ट्रिय रक्त कार्यक्रम र पर्याप्त पूर्वाधार सहितको राष्ट्रिय रुपमा समन्वय गरी रक्त सञ्चार सेवाको स्थापना गर्नु ।

८.२ राष्ट्रिय रक्त कार्यक्रम अर्न्तगत मानव संसाधनको क्षमता विकास र अभिबृद्धि गर्नु ।

८.३ राष्ट्रिय रक्त कार्यक्रमलाई स्वास्थ्य सेवा प्रणालीमा एकिकृत गर्नु ।

८.४ राष्ट्रिय रक्त कार्यक्रमको दिगोपनाको सुनिश्चितता गर्नु ।

८.५ राष्ट्रियस्तरमा स्वच्छिक तथा अवैतनिक (Non- Remunerated) रुपमा रक्त संकलन गर्नु र नियमित रक्तदातालाई हौसला प्रदान गर्नु ।

८.६ ट्रान्सफियूजन ट्रान्समिसेवल इन्फेक्सन (TTI) तथा रक्त समुहीकरणको परीक्षण गर्दा गुणस्तरीय प्रयोगशाला परीक्षण अभ्यास (GLP) र रक्त तत्वको Processing गर्दा गुणस्तरीय उत्पादन अभ्यास (GMP) तथा औचित्यपूर्ण प्रयोगको लागि गुणस्तरीय चिकित्सा पद्धति (GCP) लाई कार्यान्वयन गरी रगत र रक्त तत्वहरुको सुरक्षा र प्रयोगमा सुधार ल्याउनु ।

८.७ चिकित्सकीय पद्धतिमा रगतको उपयुक्त र सुरक्षित प्रयोगलाई प्रवर्द्धन गर्नु ।

८.८ गुणस्तरीय व्यवस्थापन प्रणाली स्थापना गर्नु ।

८.९ राष्ट्रिय सूचना व्यवस्थापन प्रणालीको विकास गर्नु ।

८.१० राष्ट्रिय र अर्न्तराष्ट्रिय साझेदारहरुसंग सहयोग र सहकार्यको विकास गर्नु ।

## ९. रणनीति तथा कार्यनीतिहरुः

**उदेश्य १**: कानूनी खाका सहितको राष्ट्रिय रक्त कार्यक्रम र पर्याप्त पूर्वाधार सहितको राष्ट्रिय रुपमा समन्वय गरी रक्त सञ्चार सेवाको स्थापना गर्नु ।

**रणनीति १**: रगत आपूर्ती सम्बन्धमा सुरक्षा, गुणस्तरीयता, पर्याप्तता र पहुचको लागि देशमा राष्ट्रिय रक्त कार्यक्रमको विकास गरिनेछ ।

**कार्यनीति**

१. नेतृत्वदायी निकायको **गठनः** राष्ट्रिय रक्त कार्यक्रम अर्न्तगत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको अध्यक्षतामा एउटा राष्ट्रिय निर्देशक समिति गठन गरिनेछ (उक्त समितिको गठनको ढाँचा र कार्य विवरण अनुसूची १ मा राखिएको छ) र सोही समितिको मातहतमा राष्ट्रियस्तरमा रक्त सञ्चार सेवाको नियमन, सुपरीवेक्षण र अनुगमन गर्ने गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला अर्न्तगत राष्ट्रिय रक्त सञ्चार व्यूरो स्थापना गर्ने ।

२. राष्ट्रिय रक्त सञ्चार व्यूरो अर्न्तगत प्रवर्द्धनात्मक, नियामक र प्रशासनिक संयन्त्रहरु रहने छन् र उक्त व्यूरोको लागि आवश्यक कर्मचारीहरुको आवश्यकता पहिचान गरी दरबन्दी कायम गर्ने ।

३. संगठन संरचना सहितको देहायको व्यवस्थापन संयन्त्रको विकास गर्ने -

क) राष्ट्रिय निर्देशक समिति राष्ट्रिय रक्त सञ्चार नीति र योजना कार्यान्वयनको लागि निर्णायक समिति हुनेछ ।

ख) राष्ट्रिय प्राविधिक सल्लाहकार समितिले राष्ट्रिय रक्त सञ्चार व्यूरोको प्राविधिक कार्यमा सहयोग गर्नुका साथै राष्ट्रिय निर्देशक समितिलाई प्राविधिक बिषयमा निर्णय लिन

सहयोग गर्नेछ । (राष्ट्रिय प्राविधिक सल्लाहकार समितिको गठनको ढाँचा अनुसूची २ बमोजिम हुनेछ)

ग) प्रेषण प्रयोगशालाहरु: TTI Screening को लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र रक्त समूह सेरोलोजी तथा Adverse Reaction Investigation को केन्द्रीय रक्त सञ्चार केन्द्रले प्रेषण प्रयोगशालाको भूमिका निर्वाह गर्ने छन् ।

घ) चिकित्सकीय उपचारको लागिं गरिने रक्त सञ्चार कार्यको लागि अस्पताल भित्र गरिने व्यवस्थापनं सम्बन्धी सम्पूर्ण कार्यको समन्वय र अनुगमन गर्नको लागि सम्पूर्ण अस्पतालहरुमा रक्त सञ्चार समिति गठन गरिने छ ।

४. राष्ट्रिय रक्त सञ्चार नीति समिक्षा तथा अद्यावधिक गर्ने र स्वीकृत गराउने ।

५. देशका सम्पूर्ण रक्त सञ्चार केन्द्रहरुमा एकरुपता कायम हुने गरी राष्ट्रिय मापदण्डको तयार गर्ने ।

**रणनीति २:** राष्ट्रिय रुपमा समन्व गरी, प्रभावकारी सञ्जाल सहितको रक्त सञ्चार सेवा प्रवाह प्रणालीको स्थापना गर्ने जसको माध्यमबाट ग्रामीण तथा दुर्गम क्षेत्रमा समेत रगत र रक्त तत्वहरुको पहुँचमा सुधार आउनेछ ।

**कार्यनीति**

१. नेपालको रक्त सञ्चार सेवा नियमनको लागि राष्ट्रिय रक्त सञ्चार व्यूरो स्थापना हुनेछ । यसरी स्थापना हुने व्यूरोले नियमन सम्बन्धमा नियम, कार्यनीति तथा विधिहरु बनाई नियमन कार्य गर्नेछ । नियमन (दर्ता, नवीकरण, प्रोत्साहन तथा दण्ड सजाय) गर्दा रक्त सञ्चार सेवासंग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय कायम गरिनेछ ।

२. राष्ट्रिय रक्त सञ्चार व्यूरोले रक्त सञ्चार सेवा सञ्चालनको लागि दर्ता गर्न आह्वान गर्नेछ । यसरी आह्वान पश्चात दर्ता हुन आएका संस्थाहरुबाट पेश हुन आएका दस्तावेजहरुको आधारमा निरीक्षण गरी रक्त सञ्चार सेवाको राष्ट्रिय मापदण्ड र निर्देशिकामा व्यवस्था भए अनुसारको समूह वर्गिकरणको आधारमा सेवा सञ्चालन अनुमति प्रदान गरिनेछ ।

३. रगत र रक्त तत्व व्यवस्थापनको लागि वेभ वेशमा आधारित तथ्यांक व्यवस्थापन प्रणालीलाई अंगिकार गरी देशभरका सम्पूर्ण रक्त सञ्चार केन्द्रहरुलाई एउटै सञ्जालमा ल्याउने जसबाट कुनै केन्द्रमा कुनै समूहको रगतको न्यूनता भएको बखतमा एक आपसमा एक केन्द्रबाट अर्को केन्द्रमा प्रयोगमा ल्याउन सकिनेछ ।

**रणनीति ३:** उपयुक्त कानूनी र नियामक खाका सहित राष्ट्रिय रक्त सञ्चार नीतिलाई कार्यान्वयन गर्ने ।

**कार्यनीति**

रगत जैविक उत्पादन भएकोले रक्त सञ्चार सेवा कानून तथा नैतिकतामा आधारित भएर सञ्चालन हुनु आवश्यक छ । कानून राष्ट्रिय रक्त सञ्चार नीतिमा आधारित भएर जारी गरिनु पर्ने हुन्छ । सो को लागि देहाय बमोजिम गरिनेछ :-

(क) रक्त सञ्चार सेवामा गुणस्तरीयंता कायम गर्नको लागि राष्ट्रिय मापदण्ड तयार पार्ने ।

(ख) सम्पूर्ण रक्त सञ्चार केन्द्रहरु (नयाँ स्थापना हुने र सञ्चालनमा रहेका) मापदण्ड अनुरुप भए नभएको अनुगमन र सुपरीवेक्षण कार्य नियामक निकाय मार्फत गर्ने ।

(ग) प्रायोगशालाहरुको निरीक्षण र नियमनको लागि राष्ट्रिय रक्त सञ्चार व्यूरोमा निरीक्षण इकाईको गठन गर्ने ।

(घ) निरिक्षणको लागि उपयुक्त हुने निर्देशिका तथा परीक्षण सम्बन्धी कार्यविधि तयार गर्ने ।

**उदेश्य २:** राष्ट्रिय रक्त कार्यक्रम अर्न्तगत मानव संसाधानको क्षमता विकास र अभिबृद्धि गर्नु ।

**रणनीति १:** उपयुक्त मानव संशाधन विकास योजनाको कार्यान्वयनको लागि आवश्यकता अनुसार थप जनशक्ति व्यवस्था गरिनेछ ।

**कार्यनीति**

१. सबै रक्त सञ्चार केन्द्रहरुले राष्ट्रिय मापदण्ड अनुसारको पर्याप्त जनशक्ति विकास र व्यवस्था गर्ने ।

२. सम्पूर्ण तहका कर्मचारीहरुलाई आफ्नो जिम्मेवारी पुरा गर्न दक्ष बनाउनको लागि तालीम आवश्यकता पहिचान गर्ने र तालीम योजना बनाउने ।

३. तालिम केन्द्रको पहिचान गर्ने ।

४. मेडिकल कलेजहरुमा रक्त सञ्चार सेवाको लागि तालीम प्रदान गर्ने गरी ट्रान्सफियूजन मेडिसिन विभाग स्थापना गर्न प्रोत्साहित गर्ने ।

५. राष्ट्रियस्तरमै राम्रो चिकित्सकीय अभ्यास (GCP), राम्रो उत्पादन अभ्यास (GMP), राम्रो प्रयोगशाला अभ्यास (GLP) तथा तंथ्याक व्यवस्थापनलाई सशक्तिकरण गर्न प्रशिक्षक प्रशिक्षण तालीम (ToT) उपलव्ध गराउने । यसरी तयार हुने प्रशिक्षकले सबै किसिमका रक्त सञ्चार सेवाका कर्मचारीहरु र अस्पतालका कर्मचारीहरुलाई तालीम दिने व्यवस्था मिलाउने ।

६. राष्ट्रिय निर्देशक समितिले चिकित्सा विज्ञान सम्बन्धी प्रतिष्ठानहरु तथा विश्व विद्यालयहरुमा ट्रान्सफ्यूजन मेडिसिनमा MD र Undergraduate सहित नर्सिङ्ग र अन्य प्राविधिक तहको पाठ्यक्रम विकास गर्न पहल गर्ने ।

७. टान्सफ्यूजन मेडिसिनमा पोष्ट ग्राजुएट कोर्ष शुरु गर्न बाहय विकास साझेदार तथा संस्थाहरुसंग समन्वय गर्ने ।

८. तालीम कार्यक्रमहरु साटासाट गर्न विकसित मुलुकका रक्त सञ्चार केन्द्रहरुसंग सझेदारी गर्ने ।

९. स्वयसेवी रक्तदानमा संलग्न संस्था हरुको रक्तदाता उत्प्रेरण र जागरुकता सम्बन्धी कार्यमा क्षमता अभिबृद्धि गर्ने ।

**उदेश्य ३:** राष्ट्रिय रक्त कार्यक्रमलाई स्वास्थ्य सेवा प्रणालीमा एकिकृत गर्नु ।

**रणनीति १:** वित्तीय र प्राविधिक सहयोगको लागि अन्य स्वास्थ्य कार्यक्रमहरुसंग सहकार्य र समन्वय गरिनेछ ।

**कार्यनीति**

१. विशेषगरी रक्त सुरक्षा र उपलब्धताको महत्व रहने जस्तै एचआईभी/एड्स, मातृ तथा बाल स्वास्थ्य, इमर्रजेन्सी तथा ट्रमा, मेलेरिया सेवा र बिरामी सुरक्षाको लागि अन्तर क्षेत्रीय सहयोगको योजना र रक्त सुरक्षासंग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने स्वास्थ्य सेवाका निकायहरुसंग समन्वय गर्ने ।

२. रक्त सञ्चार सेवालाई प्राविधिक तथा वित्तीय सहयोग पुऱ्याउने अन्य साझेदारहरु जस्तै बाह्य विकास साझेदारहरु, विश्व स्वास्थ्य संगठन, आइ.एफ.आर.सी., र अन्तराष्ट्रिय रेडक्रस सोसाईटी, रक्तदाता संस्थाहरु, गैर सरकारी संस्थाहररु, बिरामी संगठनहरु, वैज्ञानिक तथा पेशागत निकायहरु, अन्य मन्त्रालयहरु र तालिम दिने संस्थाहरुसंग सहकार्य र साझेदारी गर्ने ।

**उदेश्य ४:** राष्ट्रिय रक्त कार्यक्रमको दिगोपनाको सुनिश्चितता गर्नु ।

**रणनीति १:** सरकारी नियमित बजेट र बाह्य लगानी सहितको स्थायी वित्तीय लागानी व्यवस्था मिलाइनेछ ।

**कार्यनीति**

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट राष्ट्रिय रक्त सञ्चार व्यूरोको लागि नियमित बजेट विनयोजन गर्ने । यसरी विनियोजन हुने बजेटबाट राष्ट्रिय रक्त सञ्चार व्यूरोले रक्त सञ्चार सेवा सम्बन्धी आवश्यकता अनुसारका कार्यक्रमहरु बनाई सञ्चालन गर्ने ।

२. सबै रक्त सञ्चार केन्द्रहरुले आफ्नो रक्त सञ्चार केन्द्रको दिगो सञ्चालनको लागि यथार्थपरक तथा सेवा बिस्तार लागत (विजुली, पानी, टेलीफोन खर्च, बढ्दो मात्रामा प्रयोगशाला परीक्षण को लागि नया प्रविधी स्थापना, गुणस्तर सुधार योजना कार्यान्वयन) को आधारमा बजेट तर्जुमा गर्ने ।

३. विभिन्न निकायहरुमा सहयोगको खोजी गर्ने र सञ्चालन हुने अन्य कार्यक्रमहरुमा समेत रक्त सञ्चार सेवालाई एकिकृत गर्दै कार्यक्रम सञ्चालन गर्ने ।

४. रक्त सञ्चार केन्द्रहरुले हालको लागतको आधारमा दररेट कायम गरी सञ्चालन गर्ने पद्धतिलाई परिवर्तन गरी आत्मनिर्भर हुने पद्धतिलाई अंगिकार गर्ने ।

५. बास्तविक लागत प्रणाली अबलम्बन गर्ने ।

६. रक्त सञ्चार सेवाको खरिदको लागि नेटवर्किङ्गलाई प्रोत्साहित गर्नुका साथै उपलब्ध स्रोत र साधनलाई अधिकतम् सदुपयोगको लागि लागत प्रभावकारीता, विश्वसनीयता र गुणस्तरीयता जस्ता बिषयका लागि केन्द्रीकृत खरिद प्रणालीलाई प्रोत्साहित गर्ने ।

**उदेश्य ५:** राष्ट्रियस्तरमा अवैतनिक स्वाच्छिक रक्तदान मार्फत रगत संकलन गर्ने र नियमित रक्तदातालाई रक्तदानमा हौसला प्रदान गर्नु ।

**रणनीति १:** रक्त सञ्चारमा जनचेतना अभिबृद्धि गर्दै शत प्रतिशत अवैतनिक स्वच्छीक रक्तदानलाई प्रवर्द्धन गरिनेछ ।

**कार्यनीति**

१. शत प्रतिशत स्वैच्छिक अवैतनिक रक्तदानको लागि राष्ट्रिय कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने ।

२. सुरक्षित रगतको सुनिश्चितताको लागि कम जोखिम भएका आम नागरिकबाट स्वच्छिक अवैतनिक रक्तदान गर्न उत्प्रेरित गर्ने ।

३. राष्ट्रिय निर्देशक समितिले सूचना, शिक्षा र सञ्चारको रणनीति र योजनालाई अन्तिम रुप दिने र राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, नेपाल रेडक्रस सोसाइटी र रक्तदाता संस्थाहरुको समन्वयमा प्रचार प्रसार गर्ने ।

४. सामाजिक अध्ययनको आधारमा राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रसंगको सहकार्यमा सूचना, शिक्षा र सञ्चारका सामाग्रीहरु तयार गर्ने र ती सामाग्रीको फिल्ड अध्ययन गरी प्रयोगमा ल्याउने ।

५. यूवा रक्तदाता क्लबहरु स्थापनामा प्रोत्साहित गर्ने ।

६. रक्तदानको विषयमा जनचेतना अभिबृद्धिको लागि विद्यालय, कलेज तथा अन्य सामाजिक तथा व्यवसायिक संस्थाहरुमा कार्यक्रम सञ्चालन गर्ने ।

७. रक्तदातालाई नियमित रक्तदान गर्न प्रोत्साहित गर्ने क्रियाकलापहरु सञ्चालन गर्ने जस्तै, रक्तदान गरेकोमा बधाई दिने, शुभकामना कार्ड मार्फत प्रशंसा पत्र पठाउने लगायतका गर्ने ।

८. पारिवारिक रगतको प्रतिस्थापन (Family Blood Replacement) गर्ने कार्यलाई चरणबद्धरुपमा बन्द गर्ने ।

९. रगतको अधिकतम उपयोगको लागि अस्पतालहरुले रक्त सञ्चार केन्द्रसंग समन्वय गरी विरामी मार्फत नभै अस्पताल मार्फत नै रगत उपलव्ध गराउने व्यवस्था मिलाउने ।

१०. आकस्मिक रुपमा रगतको आवश्यकता पर्दा रक्तदातालाई बोलाउन सकिने गरी समूहगत आधारमा रक्तदाताहरुको अभिलेख राख्नुका साथै दुर्लभ रगतको अभिलेख व्यवस्थित रुपमा राख्ने ।

**रणनीति २:** नियमित रक्तदाताको नियमितताको प्रवर्द्धनको लागि राष्ट्रव्यापी रुपमा रक्तदाताको सुरक्षा र सुरक्षित रक्त संकलन कार्यक्रम सञ्चालन गर्ने ।

**कार्यनीति**

१. सही सूचना प्रवाहको लागि सूचना शिक्षा र सञ्चारका सामाग्रीहरु तयार गर्ने ।

२. रक्तदान पूर्व र रक्तदान पश्चात रक्तदाताहरुलाई सुझाब सल्लाह (Pre/Post Donation Counseling) दिने ।

३. रक्तदान पूर्व जनाकारी र परामर्शलाई सहयोग पुऱ्याउन ट्रान्सफ्यूजन ट्रान्समिसेवल इन्फेक्सन (TTI), त्यसको प्रसारण र रोकथामको बारेमा जानकारीमूलक सामग्री तयार गर्ने ।
४. राष्ट्रियरुपमा रक्तदाता छनौट विधि तयार गरि लागु गर्ने ।
५. रक्त दाताको सुरक्षा (सुझाब सल्लाह र प्रेषण समेत) सम्बन्धी निर्देशिका तयार गरी कर्मचारीहरुलाई तालीम दिने ।
६. रक्तदाताहरुको अनुगमनको लागि विधि तथा मापदण्ड तयार गर्ने ।
७. रक्त संकलनको स्तरीय प्रोटोकल तयार गरी वितरण गर्ने ।
८. रगत संकलन र रक्तदाता व्यवस्थापन सम्बन्धमा कर्मचारीहरुलाई तालीम दिने ।
९. रक्तदातको गोपनियता कायम राख्ने ।
१०. अन्य साझेदारहरु (सरकारी, गैर सरकारी संस्था, शिक्षा मन्त्रालय, खेलकूद क्लवहरु, निजी संघ संस्था र अन्य निकाय) लाई स्वच्छिक अवैतनिक रक्तदानका लागि प्रोत्साहित र आवद्ध गराई समन्वयात्मकरुपमा उत्प्रेरणा र जागरुकता कार्यक्रम गर्नको लागि स्वयसेवी रक्तदाता संस्थाहरुको भूमिकालाई विकसित गर्ने ।

**उदेश्य ६:** ट्रान्सफ्यिूजन ट्रान्समिसेवल इन्फेक्सन (TTI) तथा रक्त समुहको परीक्षण गर्दा गुणस्तरीय प्रयोगशाला परीक्षण अभ्यास (GLP) र रक्त तत्वको Processing गर्दा गुणस्तरीय उत्पादन अभ्यास (GMP) तथा औचित्यपूर्ण प्रयोगको लागि गुणस्तरीय चिकित्सा पद्धति (GCP) लाई कार्यान्वयन गरी रगत र रक्त तत्वहरुको सुरक्षा र प्रयोगमा सुधार ल्याउनु ।

**रणनीति १:** सम्पूर्ण रक्तदान गरिएका रगत TTIs and blood group serology परीक्षण भएको सुनिश्चितताको लागि प्रयोगशालाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

**कार्यनीति**

१. रक्तदान गरिएको हरेक युनिट रगतको लागि न्यूनतम परीक्षण नेपाल सरकारद्धारा जारी निर्देशिका/मापदण्ड अनुसार देहाय वमोजिम गर्नु पर्नेछ:
   (क) रगत समूहीकरण (Blood Grouping) र Rh Typing: Cell र Serum दुवैवाट रक्त समूह परीक्षण Tube Method बाट Automatic/ Semi Automatic Machine बाट परीक्षण,
   (ख) TTI Screening : एच.आइ.भि., हेपाटाइटिस बी (HBsAg), हेपाटाइटिस सि (HCV) र Syphilis को परीक्षण,
   (ग) औलो र त्यस्तै अन्य रोगहरुको परीक्षण (रक्तदाताको आवासीय क्षेत्रको जोखिमको आधारमा),
   (घ) राष्ट्रिय निर्देशक समितिद्वारा सिफारिस गरिएका अन्य प्रतिरोधात्मक क्षमता देखाउने परीक्षणहरु ।
२. सम्पूर्ण रक्त सञ्चार केन्द्रहरुले राष्ट्रिय मापदण्डमा व्यवस्था गरिए अनुसारको पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गर्ने ।
३. TTI, Blood Grouping र Compatibility परीक्षणको लागि राष्ट्रिय मापदण्डको आधारमा राष्ट्रिय परीक्षण विधि तयार गरी लागु गर्ने ।

४. प्रयोगशालामा गुणस्तर नियन्त्रण र गुणस्तर सुनिश्चितता प्रणाली सहितको स्तरीय प्रयोगशाला अभ्यासको शुरुवात गर्ने ।

५. रक्तदान भएको रगतको TTI र रक्त समूहीकरण सेरोलोजी तालीम प्राप्त जनशक्तिबाट गराउने ।

६. रगत र रक्त तत्वहरुको सुरक्षा तथा गुणस्तरीयता सुनिश्चितताको लागि TTI, Blood Group Serology तथा रक्त तत्वहरुको परीक्षणहरुको लागि आन्तरिक गुणस्तर नियन्त्रण र तोकिएको प्रेषण प्रयोगशालाबाट राष्ट्रिय बाह्य गुणस्तर परीक्षण प्रणालीको शुरुवात गर्ने ।

७. राष्ट्रिय बाह्य गुणस्तर परीक्षण प्रणाली (NEQAS) सम्बन्धी तालिम सञ्चालन गर्ने र प्रेषण प्रयोगशालाले नियन्त्रण नमूनाहरु तयार गर्ने, TTI किट्सहरुको मूल्याकंन गर्ने / TTI Confirmatory परीक्षण गर्ने ।

८. राष्ट्रिय गुणस्तर नियन्त्रण गर्ने प्रयोगशालाहरु अर्न्तराष्ट्रिय गुणस्तर नियन्त्रण प्रणाली (IEQAS) मा आवद्ध गर्ने ।

९. परीक्षणको गुणस्तरीयतालाई कायम राख्न TTI परीक्षणलाई केन्द्रीकरण गर्न प्रोत्साहित गर्ने ।

**रणनीति** २: रक्त तत्व (Packed cell, Platelet Plasma, Factors VIII & XI लगायत Stem Cell तयारीको लागि क्षमता विकास गर्ने ।

**कार्यनीति**

१. रक्त तत्वहरुको आवश्यकता पहिचान गर्ने र रगतबाट रक्त तत्वहरु छुट्याउने कार्यलाई बढवा दिने ।

२. गुणस्तरीय उत्पादन अभ्यास GMP मा आधारित भई पूर्वाधार विकास गर्ने ।

३. कर्मचारीहरुलाई रक्त तत्व तयारी सम्बन्धी तालीम प्रदान गर्ने ।

४. रक्त तत्वहरु निर्धारित मापदण्ड अनुसार भए नभएको मूल्यांकन गर्न गुणस्तर नियन्त्रण कार्यलाई नियमित गर्ने ।

**उदेश्य ७:** चिकित्सकीय क्षेत्रमा रगतको उपयुक्त र सुरक्षित प्रयोगको प्रवर्द्धन गर्नु ।

**रणनीति १:** रगतको औचित्यपूर्ण र सुरक्षित प्रयोगको सुनिश्चितताको लागि चिकित्सकीय क्षेत्रको क्षमता विकास गरिनेछ ।

**कार्यनीति**

१. रगत र रक्त तत्वहरु लगायत स्टेम सेल को उपयुक्त चिकित्सकीय प्रयोग सम्बन्धी राष्ट्रिय निर्देशिका तयार गरी लागु गर्ने ।

२. रगतका रोगहरुको निदान रगतबाटै हुने हुनाले रगतका क्यान्सर, Thalassemia Major, Aplastic anaemia हरुको उपचार Stem cell Transfusion बाटगर्न सकिने हुँदा Clinical Haematologist को सिफारिसमा Stem Cell Transfusion गरी उपचारमा सघाउने ।

३. स्वास्थ्य कर्मीहरुको लागि रक्त सञ्चार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने र रगतको माग गर्ने विधिको बिषयमा स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्ने ।

४. रक्त सञ्चार सम्बन्धी स्तरीय कार्यान्वयन विधि (SOPs) तयार /पुनरावलोकन गर्ने ।

५. कार्यरत नर्स तथा मेडिकल अधिकृतहरुलाई रक्त सञ्चार तथा रगत र रक्त तत्वहरुको औचित्यपूर्ण प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने ।

६. अस्पतालहरुमा रक्त सञ्चार समिति स्थापना गर्ने र नियमित रगत उपयोगको अनुमगन र मूल्यांकन गर्ने ।

७. ट्रान्सफियूजन रियाक्सन को खोजपडतालको लागि अस्पतालहरुले यस्तो रियाक्सनका सेम्पलहरु रक्त सञ्चार केन्द्र वा सम्बन्धित प्रेषण प्रयोगशालामा पठाउने तथा परीक्षणको नतिजा अभिलेखीकरण गरी रक्त सतर्कता (हेमोभिजिलेन्स) पद्धतिको विकास गर्ने ।

**उदेश्य ८:** गुणस्तर व्यवस्थापन प्रणाली स्थापना गर्ने ।

**रणनीति १:** रक्त सञ्चार सेवाको लागि मापदण्ड, निर्देशिका र स्तरीय सञ्चालन विधि तयार गरी रक्त दाता, रक्तदान गरिएको रगत, रगत प्राप्तकर्ता र कर्मचारीहरुको सुरक्षाको लागि रक्त सञ्चार सेवाका सम्पूर्ण तहमा गुणस्तरीयतालाई सुदृढीकरण गरी लागु गराइनेछ ।

**कार्यनीति**

१. आवश्यक जनशक्ति सहितको राष्ट्रिय गुणस्तर व्यवस्थापक र सबै मुख्य रक्त सञ्चार केन्द्रहरुमा गुणस्तर व्यवस्थापक नियुक्त गर्ने ।

२. रक्त सञ्चार सेवाका सम्पूर्ण तहका कर्मचारीहरुलाई गुणस्तर व्यवस्थापन प्रणाली कार्यान्वयन सम्बन्धी तालिम प्रदान गर्ने ।

३. स्तरीय सञ्चालन विधि, प्रक्रियागत ढाँचा तयार गर्ने, कम्प्यूटिकृत स्वचालित विधिको प्रयोग गर्नुका साथै संगठनात्मक संरचनाको माध्यमबाट जिम्मेवारी र अधिकारको किटान गर्ने ।

४. सम्पूर्ण रक्त सञ्चार केन्द्र र अस्पतालहरुमा अभिलेख व्यवस्थापन पद्धति विकास गर्ने ।

५. उपकरण व्यवस्थापन पद्धती शुरुवात गर्दै उपकरणहरुको प्रभावकारी सञ्चालनको लागि व्यवस्थित मर्मत संभार योजना बनाउने ।

६. लागत प्रभावकारीता र व्यवस्थित भण्डारण प्रणालीको लागि केन्द्रीय खरिद प्रक्रियाको प्रर्वद्धन गर्ने ।

**रणनीति २:** रक्त सञ्चार सेवा केन्द्र, अस्पताल र स्वास्थ्य केन्द्रहरुमा संक्रमण नियन्त्रण र फोहर व्यवस्थापनलाई सशक्तिकरण गर्ने ।

**कार्यनीति**

१. फोहर व्यवस्थापनको राष्ट्रिय निर्देशिकालाई पुनरावलोकन गरी लागु गर्ने ।

२. रक्त सञ्चार केन्द्रहरुमा उपयुक्त सरसफाई योजना बनाउने र सरसफाई र स्वच्छतामा ध्यान पुऱ्याउने ।

३. रक्त सञ्चार सेवामा कार्यरत कर्मचारीहरुलाई सुरक्षित फोहर व्यवस्थापन र संक्रमण नियन्त्रण बिषयमा तालीम दिने ।

४. सबै रक्त सञ्चार केन्द्रहरुले आफ्नो केन्द्रमा कार्यरत कर्मचारीहरुलाई हेपाटाइटिस बी को भ्याक्सिन दिने र त्यसको असरको नियमित अनुगमन सहित Personal Protection Equipment (PEP) उपलब्ध गराउने ।

५. पोष्ट एक्सपोजर प्रोफालेक्सिस (PEP) निर्देशिका तयार गरी कार्यान्वयनको लागि जिम्मेवार शाखा तोक्ने ।

**उदेश्य ९:** राष्ट्रिय सूचना व्यवस्थापन प्रणाली र विधीको व्यापकरुपमा विकास गर्नु ।

**रणनीति १:** राष्ट्रिय रक्त कार्यक्रमको तथ्यांक व्यवस्थापन र अनुगमन तथा मूल्याकंन प्रणाली स्थापना गरिनेछ ।

**कार्यनीति**

१. निरन्तर अनुगमन र मूल्याङ्कनको लागि स्तरीय अभिलेख र प्रतिबेदन फारामको तयार गर्ने ।

२. तथ्यांक संकलन, विश्लेषण र प्रतिबेदन प्रणालीको लागि आवश्यक तालीम प्रदान गर्ने ।

३. कम्प्यूटिकृत प्रतिबेदन प्रणालीको शुरुवात गर्ने ।

४. मासिक प्रतिबेदन प्रणाली लागु गर्ने जसमा नेपाल रेडक्रस सोसाइटी मार्फत सञ्चालन भएका सबै रक्त सञ्चार केन्द्रबाट केन्द्रीय रक्त सञ्चार केन्द्रले मासिक प्रतिबेदन संकलन गरी राष्ट्रिय रक्त सञ्चार व्यूरोमा पठाउने र अस्पतालमा आधारित रक्त सञ्चार केन्द्रहरुले मासिक प्रतिबेदन सिधै राष्ट्रिय रक्त सञ्चार व्यूरोमा पठाउने व्यवस्था मिलाउने ।

५. राष्ट्रिय रक्त सञ्चार व्यूरोले कार्यक्रमको प्रगति अनुगमन र मूल्याकंन गर्ने तथा बार्षिक रुपमा प्रगति संकलन गरी सम्पूर्ण साझेदारहरु बीच प्रगति समिक्षा गर्ने ।

**उदेश्य १०: राष्ट्रिय/अन्तराष्ट्रिय साझेदारहरुसंग सहकार्य र साझेदारीको विकास गर्ने ।**

रणनीति १: साझेदारहरुसंगको सहकार्यमा सशक्तिकरण गरिनेछ ।

**कार्यनीति**

१. रणनीतिक योजनालाई कार्यान्वयनको लागि स्रोत परिचालन गर्न दाताहरुको पहिचान र सम्पर्क गर्ने ।

२. वित्तीय स्रोत जुटाउनको लागि परियोजना प्रस्ताव तयार पार्ने ।

३. रक्त सुरक्षाका लागि कार्य गर्ने अन्य राष्ट्रिय तथा अर्न्तराष्ट्रिय साझेदारहरु पहिचान गर्ने र ती साझेदारहरुको भूमिका सहित सहकार्य गर्ने ।

## १०. संस्थागत संरचनाः

(क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय चिकित्सा सेवा महाशाखा अर्न्तगत राष्ट्रिय रक्त कार्यक्रम रहनेछ । यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केन्द्रीय निकायको रुपमा राष्ट्रिय रक्त सञ्चार व्यूरो स्थापना गर्नेछ उक्त व्यूरो राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा रहनेछ । उक्त व्यूरोमा कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यक शाखाहरु र जनशक्ति व्यवस्थापन गरिनेछ । राष्ट्रिय रक्त सञ्चार व्यूरोको कार्य विवरण अनुसूची ३ बमोजिम हुनेछ ।

(ख) राष्ट्रिय रक्त सञ्चार व्यूरोलाई रक्त सञ्चार सेवाको नियमन गर्ने, सञ्चालन अनुमति दिने, अनुगमन तथा सुपरीवेक्षण गर्ने मापदण्ड तथा निर्देशिकाहरु तयार गर्ने, तथ्यांक व्यवस्थापन गर्ने लगायतका जिम्मेवारी हुने छन् । ट्रान्सफियूजन ट्रान्समिसेवल इन्फेक्सन (TTI) परीक्षणको प्रेषण प्रयोगशाला राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला हुनेछ र रक्त समूहीकरण सेरोलोजीको प्रेषण प्रयोगशाला केन्द्रीय रक्त सञ्चार केन्द्र हुनेछ । यसरी प्रेषण प्रयोगशालाहरुबाट भएका कार्यहरुको सुपरीवेक्षण र समन्वय राष्ट्रिय रक्त सञ्चार व्यूरोले गर्नेछ ।

(ग) केन्द्रीय रक्त सञ्चार सेवा केन्द्रलाई सुदृढीकरण गरिनेछ ।

(घ) रक्त सञ्चार सेवा प्रवाहको कार्य राष्ट्रिय रक्त सञ्चार व्यूरोबाट सञ्चालन अनुमति प्राप्त गरेका नेपाल रेडक्रस सोसाइटी, सरकारी अस्पतालहरु, मेडिकल कलेजहरु, निजी अस्पतालहरुमा आधारित, तथा आकस्मिक रक्त सञ्चार सेवा केन्द्रहरुले गर्ने छन् ।

(ङ) चिकित्सकीय उपचारको लागि रक्त सञ्चारको कार्य सरकारी तथा निजी अस्पताल र शिक्षण अस्पतालहरुले गर्ने छन् ।

(च) स्वच्छिक अवैतनिक रक्त संकलनको लागि रक्तदाता संगठनहरु नेपाल रेडक्रस सोसाइटी/रक्त सञ्चार सेवा केन्द्रहरुसंग संगै समन्वयात्मक रुपमा कार्य गर्ने छन् ।

**११. आर्थिक पक्ष:**

(क) रक्त सञ्चार सेवाको लागि देहाय बमोजिमको वित्तीय स्रोत जुटाइनेछ ।

(अ) नेपाल सरकारको बार्षिक बजेट विनियोजन र द्विपक्षीय एवं बहुपक्षीय दातृ निकायको अनुदान ।

(आ) नेपाल रेडक्रस सोसाइटीको योगदान वापतको रकम,

(इ) बिरामीबाट लिइने सेवा शुल्क वापतको रकम,

(ई) दाताहरुको योगदान वापतको रकम,

(उ) कोष बृद्धि कार्यक्रमबाट आर्जित रकम ।

(ख) रक्त सञ्चार सेवाको लागि पुजीगत खर्च, स्थीर खर्च र अन्य सञ्चालन खर्च बार्षिक रुपमा अनुमानित गरिनेछ । रक्त सञ्चार सेवा सञ्चालन, विकास र बिस्तारको लागि राष्ट्रिय रक्त सञ्चार व्यूरोलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बार्षिक रुपमा विनियोजन गरिनेछ ।

(ग) रक्त संचार सेवा लागत परिपूर्ति हुने किसिमले सञ्चालित हुनेछ । सेवा शुल्कमा कुनै पनि नाफा मुलक उद्देश्य स्वीकार्य हुने छैन ।

(घ) गरिब विरामी (सम्बन्धित व्यवस्थापन समितिले पहिचान गरे बमोजिम) लाई निशुल्क रगत उपलव्ध गराउने प्रयोजनको लागि उपयुक्त निकायको गठन गरिनेछ ।

**१२. कानूनी व्यवस्था:**

राष्ट्रिय रक्त सञ्चार नीतिका आधारमा देहायका बिषयबस्तु समेटी रक्त सञ्चार विधेयक तयार गरिनेछ ।

(क) विभिन्न तहका रक्त सञ्चार केन्द्रहरुको सञ्चालन सम्बन्धी अनुमति र खारेजी सम्बन्धी व्यवस्था र कार्य विवरण ।

(ख) राष्ट्रिय मापदण्डको पालना नभएको अबस्थामा अपनाइने प्रशासनिक र कानूनी कार्यवाहिको विधि ।

(ग) निर्देशिका र मापदण्ड तयार गर्ने तथा तिनको पालना भएको सुनिश्चित गर्ने अधिकार र जिम्मेवारी सहितको राष्ट्रिय निर्देशक समिति र राष्ट्रिय रक्त सञ्चार व्यूरो गठन ।

**१३. अनुगमन र मूल्याकंन:**

रक्त सञ्चार व्यूरोले निर्णायक निकायकोरुपमा रहेको राष्ट्रिय निर्देशक समितिको सहयोगमा स्वायत्तरुपमा अनुगमन र मूल्यांकन कार्यहरु गर्नेछ । प्राविधिक क्षेत्रमा राष्ट्रिय निर्देशक समितिलाई राष्ट्रिय प्राविधिक सल्लाहकार समितिले सघाउने छ । राष्ट्रिय निर्देशक समितिले आफ्नो कार्यलाई सहयोग पुर्‍याउन विभिन्न उप समिति तथा कार्य दल गठन गरी अनुगमन तथा रक्त सञ्चार सेवाको परीक्षण गराउन सक्नेछ ।

सबै रक्त सञ्चार केन्द्रहरुले प्राप्त गर्न सक्ने गरी एउटा प्रतिबेदन प्रणालीको विकास गरिनेछ । जुन प्रणालीबाट प्रतिबेदनहरु संकलन गरी देशकै समग्र प्रतिबेदन तयार हुनेछ ।

सम्पूर्ण रक्त सञ्चार केन्द्रहरुको मापदण्डको पालना गरे नगरेको अनुगमन गर्न रक्त सञ्चार व्यूरो मातहत नियामक निकाय गठन हुनेछ ।

**१४. जोखिमहरु:**

१४.१ कार्यक्रम कार्यन्वयनको लागि समन्वयको अभाव हुनुका साथै आवश्यक प्राविधिक तथा आर्थिक स्रोत जुटाउने ।

१४.२ रक्त सञ्चार सेवाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरु बीच उपयुक्त समन्वय गर्ने ।

१४.३ स्वाच्छिक तथा अवैतनिक रक्तदान कार्यक्रमको बिस्तार गर्ने क्रियाकलापहरुको अभाव हुनु ।

**१५. खारेजी:**

१५.१ राष्ट्रिय रक्त सञ्चार नीति, २०६३ खारेज गरिएको छ ।

१५.२ राष्ट्रिय रक्त सञ्चार नीति, २०६३ बमोजिम भए गरेका काम कार्यबाही यसै नीति बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १: राष्ट्रिय निर्देशक समितिको गठन

देहायमा उल्लेख गरिए अनुसारका प्रतिनिधिहरु रहेको ११ सदस्यीय राष्ट्रिय निर्देशक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - अध्यक्ष |
| २. महानिर्देशक, स्वास्थ्य सेवा विभाग | - सदस्य |
| ३. प्रमुख, चिकित्सा सेवा महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| ४. निर्देशक, औषधि व्यवस्था विभाग | - सदस्य |
| ५. महासचिव, नेपाल रेडक्रस सोसाइटी | - सदस्य |
| ६. अध्यक्ष, निजी अस्पताल एशोसियसन नेपाल | - सदस्य |
| ७. निर्देशक (सरकारी केन्द्रीय अस्पतालहरुबाट) हरु मध्येबाट मनोनित एकजना | - सदस्य |
| ८. प्रतिनिधि, (ब्लड डोनर एशोसिएशन नेपाल-ब्लोदान) एकजना | - सदस्य |
| ९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मनोनित राष्ट्रियस्तरका रक्त सञ्चार सम्बन्धी विज्ञ दुईजना | - सदस्य |
| १०. निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | - सदस्य सचिव |

राष्ट्रिय निर्देशक समितिले देहाय बमोजिमको कार्यहरु गर्नेछ :-

- रक्त सञ्चार कार्यक्रमको लागि कानून तर्जुमा गर्ने र सो लाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।
- यस नीतिमा उल्लेख भएका रणनीति र कार्ययोजनाहरु कार्यान्वयन भए नभएको मूल्याकन गर्ने गराउने ।
- रक्त सञ्चार नीति र निर्देशिकाको निरन्तर समिक्षा गर्ने र आवश्यक परेमा अद्यावधिक तथा परिमार्जन गरी सम्बन्धित निकायबाट स्वीकृत गराउने ।
- रक्त सञ्चार सेवाको सुदृढीकरणको लागि आवश्यक लगानीको लागि पहल गर्ने ।
- मौजुदा रक्त सञ्चार केन्द्रहरुको सशक्तिकरण र केन्द्रीय रक्त सञ्चार केन्द्रलाई सुदृढीकरण गरी रक्त सञ्चार सेवाको Center of Excellence को रुपमा विकास गर्न स्रोतहरुको पहिचान गर्ने ।
- रगत प्रयोग गर्ने सम्पूर्ण अस्पतालहरुमा अस्पतालमा आधारित रक्त सञ्चार समिति अनिवार्य रुपमा गठन गराउने ।
- लागतको आधारमा सेवा शुल्क निर्धारण गर्ने सुत्रको विकास गरी सेवा शुल्क सिफारिस गर्ने तथा यस्तो सेवा शुल्कमा बार्षिक रुपमा समिक्षा र सोको संशोधन राष्ट्रिय प्राविधिक सल्लाहकार समिति मार्फत गराउने ।
- समितिको बैठक आवश्यकता अनुसार कम्तिमा बर्षमा ३ पटक बस्नेछ ।

## अनुसूची २: राष्ट्रिय प्राविधिक सल्लाहकार समितिको गठन

राष्ट्रिय निर्देशक समितिलाई प्राविधिक विषयमा निर्णय लिन सहयोग गर्नको लागि देहायमा उल्लेख गरिए अनुसारका प्रतिनिधिहरु रहेको ९ सदस्यीय राष्ट्रिय प्राविधिक सल्लाहकार समिति गठन गरिनेछः-

१. निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला - अध्यक्ष
२. निर्देशक, केन्द्रीय रक्त सञ्चार केन्द्र - सदस्य
३. प्रतिनिधि, राष्ट्रियस्तरको स्वयसेवी रक्तदाता संघ)हरु मध्येबाट एकजना - सदस्य
४. निर्देशक, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र - सदस्य
५. राष्ट्रिय निर्देशक समितिबाट मनोनित (हेमाटोलोजिष्ट, प्याथोलोजिष्ट, माइक्रोबायोलोजीष्ट, सर्जन, एनेस्थेसियोलोजिष्ट मध्येबाट) चारजना - सदस्य
६. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामाको रक्त सञ्चार कार्यक्रम हेर्ने प्याथोलोजिष्ट- सदस्य सचिव

## अनुसूची ३: रक्त सञ्चार व्यूरोको कार्य विवरण

- राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय प्राविधिक सल्लाहकार समितिको सचिवालयको मातहतमाच रहेर बैठक सञ्चालन गर्ने बैठकको निर्णय पुस्तीका तथा अन्य प्रतिबेदनहरु तयार गर्ने, निर्णयहरु कार्यान्वयनको लागि आवश्यक कार्य गर्ने ।
- राष्ट्रिय प्राविधिक सल्लाहकार समितिबाट तयार हुने मापदण्डहरु आवश्यक सम्पूर्ण तहमा वितरण गर्ने ।
- नियामक संयन्त्र स्थापना गर्ने ।
- राष्ट्रिय प्राविधिक सल्लाहकार समितिको सहयोग र मापदण्डको आधारमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण विधि तयार गर्ने ।
- निरीक्षकहरुको लागि तालीम सञ्चालन गर्ने तथा निरीक्षण तालिका तयार गर्ने ।
- रक्त सञ्चार केन्द्र सञ्चालनका लागि आउने मागहरुको सम्बन्धमा आवश्यक पूर्वाधार पुगे नपुगेको अनुगमन तथा सुपरीवेक्षण गरी सञ्चालन अनुमति प्रदान गर्ने ।
- रक्त सञ्चार सम्बन्धी तालीम सञ्चालन गर्ने केन्द्रहरु पहिचान गरी, आवश्यकता अनुसार तालीम सञ्चालनको लागि योजना बनाउने र तालीम केन्द्रहरुबाट तालीम सञ्चालनको प्रतिबेदन संकलन गर्ने ।
- सूचना व्यवस्थापन प्रणाली विकास गर्ने, देशका सम्पूर्ण रक्त सञ्चार केन्द्रहरुबाट प्रतिबेदन संकलन गर्ने र प्राप्त प्रतिबेदनहरुलाई सम्पूर्ण साझेदार माझ वितरण गर्ने ।
- राष्ट्रिय रक्त कार्यक्रमको प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने ।